**शर्त तथा बन्देज**

१. ठेक्का अवधि २०७६ श्रावण देखि २०७७ असाढ मसान्त सम्म मात्र (१ वर्षको लागि)

२. ठेक्काको लागि बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्रह) औं दिन सम्म दुर्गा भगवती गा.पा. बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र १६ (सोरह) औं दिनको १२:०० बजे सम्म दुर्गा भगवती गा.पा. कार्यालय गंगा पिपरा, रौतहट शिलबन्दी दर्ता गर्न सकिने छ।

३. बोलपत्र फारम खरिद एंव दर्ता गर्ने अन्तिम दिन विदा पर्ने गएमा कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिने छ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नं. खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरी शिलबन्दी गरि पेश गनुपर्ने छ।

५. शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अक्षरमा अंक अक्षरमा फरक परेमा अक्षर लेखेकोलाई मान्यता दिईने छ ।

६. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५%ले हुन आउने रकम यस कार्यालयको सनराईज बैंक स्थित खाता नं. ०७९०५२५५३८७०३००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ।

७. दर्ता भएको शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा सम्बन्धीत कार्यालयका प्रतिनिधीहरू र बोलपत्र दाताका प्रतिनिधीहरूको रोहवरमा खोलिने छ। साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

८. बोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मागर्नु पर्ने र ५०% को हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक कम्तीमा २०७७ असाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्ने छ। बोलपत्र दाताले कबोल गरेको रकम एकमुष्ट बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले व्यहोर्नु पर्नेछ। यस कार्यालयमा ठेक्का रकम दाखिला गर्दा संगै आग्रिम आय कर तथा मुल्य अभिवृद्धिकर अनिर्वाय रूपमा ठेकेदार बुझाउनु पर्नेछ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ। ठेक्का स्वीकृत भई सके पछि मानव सृजित बन्द, हडताल, चक्का जाम, जस्ता अवस्थाले यस वापत कुनै माफि मिन्हा समेत दावी गर्न पाईने छैन र त्यसको कुनै माफि मिन्हा दिइने हुनेछ।

११. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ।

१२. वागमती नदी डुङ्गाको हकमा ठेक्का भोग चलन गर्दा यस कार्यालयले तोक बमोजिम ढाचाँको रसिद ठेक्दार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

१३. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार वचि कुनै विवाद उत्पन्न भएमा दु.भ.गा.पा. निर्णय अनुसार हुनेछ साथै दुर्गा भगवती वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ।

१४. डुङ्गामा यात्रु ओहर दोहर गराउँदा यात्रुको सुरक्षाको सम्पूर्ण ग्यारेन्टी दोस्रो पक्षको हुनेछ। भवितव्य केही भएमा त्यसको जिम्मेवार गाउँपालिका नहुने।

१५. यसमा उल्लेखीत शर्तहरू यसै बमोजिम उल्लेखित नभएको व्यहोराको हकमा सार्वजनिक खरिद नियमावली (छेठौ संसोधन) २०७५ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

....................

ओम प्रकाश यादव

(प्र.प्र.अ)

**ओम प्रकाश यादव**

**प्रमुख प्रशासकिय अधिकृत**

Scanned by CamScanner